म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

बागमती प्रदेश, नेपाल

**बाख्राको साना व्यावसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धि सूचना।**

<u>सूचना प्रकाशित मितिः२०७८/०१/०७</u>

यस म्यागङ गा.पा. को चालु आ.ब. २०७७/०७८ अन्तर्गत कृषि विकास कार्यक्रमको लागि संघीय सर्सत बजेट अन्तर्गत बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले गा.पा. अन्तर्गतका सम्पूर्ण सम्बन्धित बाख्रा पालन गरिरहनु भएका किसानहरु, प्राइभेट कृषि पशु फर्म सञ्चालक, कृषि सहकारी, प्रतिनिधिहरुमा जानकारीको लागि योस सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक सबैले कार्यालय समयमा यस म्यागङ गा.पा. कृषि पशु सेवा शाखामा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै गा.पा. मा दर्ता भएका फर्मलाई पहिलो प्राथमिकता दिईन्छ। रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएको निवेदन छनौट नहुने व्यहोरा समेत अनुरोध छ।

<u>शर्तहरुः</u>

१. ५०% अनुदानमा प्रजनन वोयर बोका वितरण, संख्या-१३ (अनुदान रकम बढीमा ५० हजार)

- व्यावसायिक बाख्रा पालन गर्दै आएका फर्म हुनुपर्ने, प्रजनन बोका २५ के.जी तौल कम्तीमा, प्रजनन बोयर बोका ७५% माथिको हुनु पर्ने, कम्तीमा माउ २० वटा बाख्रा पालिएको तथा विमा गरिएको, खोर पूर्वाधार पर्याप्त पुगेको, घास खेती गरिएको र विजुली/यातायात, पानी जस्ता आधारभूत आवश्यकता पुगेको।

२. खोर सुधार कार्यक्रम, संख्या-२० (अनुदान रकम बढीमा २० हजार)

- २० वटा माउ कम्तीमा पालिएको, विमा गरिएको, खोर अभाव अवस्था, पचास हजार माथिको खोर निर्माण गर्न अनिवार्य तयार हुनुपर्ने

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः</u>

- सम्बन्धित निकायबाट फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिनको स्वामित्व खुल्ने कागजात तथा भाडाको जग्गा भएमा ५ वर्षको सम्झौतापत्र, निवेदकको नागरिकता परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस।

माथि उल्लेख दुबै शर्तका सुविधाहरु एउटै फर्ममा उपलब्ध नगराइने तथा व्यावसायिक बाख्रा पालन तालिम तथा परिजिवी नियन्त्रणका कार्यक्रम पनि सञ्चालन गरिने हुँदा सम्बन्धित वडा कार्यालयको कृषि/पशु प्राविधिकहरुलाई सम्पर्क गर्नुहुन अनुरोध छ।

सुदर्शन सापकोटा- संयोजक (९८४३६०३३३४)
शर्मिला तामाङ – वडा नं. २ (९८४१०११७४९)
शोभा गिरि – वडा नं. ५ र ६ (९८४०१८०५३१)

अभिलेख अधिकारी/ सनीमाया तामाङ – वडा नं.४ (९८४१६७१३३२)
प्रतिभा तामाङ, जोसिका तामाङ – वडा नं.३ (९८४१०१२४५८, ९८६२४९०९२१)

पवन कुमार प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

पवन कुमार प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत